# मंगला गाउँपालिकाको विनियोजन ऐन, २०७५

(स्वीकृत मितिः २०७५/०३/२३)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको विनियोजन ऐन २०७५

<u>प्रस्तावना</u> :मंगला गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम मंगला गाउँसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

१. यस ऐनको नाम "मंगला गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक बर्ष २०७५/२०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>

१. आर्थिक वर्ष २०७५/२०७६को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३०,२९,४८,४५२/- (अक्षेरुपी तिस करोड उन्नतीस लाख अठ्चालिस हजार चार सय वाउन्न रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>बिनियोजन :</u>

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७५/२०७६ को निमित्त मंगला गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापानि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाटनपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शिर्षकमा बाहेक  अन्य चालू खर्च शिर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्रसार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बड्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१

(दफा २ संग सम्बन्धित )

नेपालको संबिधान धारा २२९ (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम

सञ्चित कोषबाट विनियोजित हुने रकम

| *क.स.* | *अनुदान सख्या* | *शीर्षकको नाम* | *चालु खर्च* | *पूँजिगत खर्च* | *वित्तिय व्यवस्था* | *जम्मा* |
|---|---|---|---|---|---|---|
| *१* | *२* | *३* | *४* | *५* | *६* | *७* |
| १ | | गाउँ कार्यपालिका | एक मुष्ठ २२४९२३४५२/- (रु. वाईस करोड उनान्पचास लाख तेईस हजार चार सय वाउन्न मात्र) | एक मुष्ठ ७८०२५०००/- (रु. सात करोड असी लाख पच्चीस हजार मात्र) | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ३.१ | | सामान्य प्रशासन शाखा | | | | |
| ३.२ | | राजश्व तथा आर्थिक प्रशासन शाखा | | | | |
| ३.३ | | पूर्वाधार तथा भवन नियमन शाखा | | | | |
| ३.४ | | आर्थिक विकास शाखा | | | | |
| ३.५ | | सामाजिक विकास शाखा | | | | |
| ३.६ | | योजना अनुगमन तथा तथ्याङ्क शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |